# कोभिड-१९ निदान, रोकथाम, नियन्त्रण र उपचार व्यवस्थापनको त्रैमासिक प्रतिवेदन

## (मितिः २०७७ बैशाख १ गते देखि आषाढ मसान्त सम्म)

## परिचयः

कोभिड- १९ नेपालमा सर्वप्रथम मिति २०७६ साल माघ ९ गते एक जना व्यक्तिमा संक्रमण पुष्टि भएको हो । यो रोग अहिले ७७ वटै जिल्लामा फैलिएको अवस्था छ । नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य आपत्कालिन कार्यसञ्चालन केन्द्र, आफु र आफु मातहत एवम् सरोकारवाला निकाय सम्मिलित विभिन्न संयन्त्रहरुको संयुक्त सहकार्यमा सम्पूर्ण ध्यान यसको उपचार, नियन्त्रण, रोकथाम र व्यवस्थापनका लागी केन्द्रित गरेको कुरा सर्व विदितैछ । नेपालमा सुरुको ३ महिना अर्थात चैत्र मसान्त सम्म यस रोग बाट पिडित जम्मा १५ जना थिए भने त्यस पछि बैशाख देखि आषाढ मसान्त सम्म जम्मा १७,१७७ जना पिडित भएको देखिन्छ । दिन प्रतिदिन यस रोगको संक्रमण संख्या बृद्धि भइरहेको छ । यस रोगबाट जम्मा ११,०२५ जना निको भएका छन र मृत्युको संख्या ३९ रहेको छ । यस रोगको निको हुने दर ६४.२ प्रतिशत रहेको तथ्यांक विश्लेषण गर्दा देखिन्छ । आर्थिक वर्ष ०७७।७८ को बैशाख १ गते देखि आषाढ मसान्त सम्म कोभिड-१९ रोगको उपचार, नियन्त्रण, रोकथाम र व्यवस्थापनको संक्षिप्त प्रतिवेदन देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

## क्रियाकलापहरु

कोभिड-१९ निदान, रोकथाम, नियन्त्रण र उपचार व्यवस्थापनका लागि गरिएका मूख्य, मूख्य क्रियाकलापहरु देहायबमोजिम रहेका छन् ।

### १. कोभिड १९ संकट व्यवस्थापन केन्द्र (CCMC) को बैठकः

कोभिड-१९ निदान, रोकथाम, नियन्त्रण र उपचार व्यवस्थापन गर्नका लागि रक्षा मन्त्रीज्युको संयोजकत्मा मिति २०७६ फाल्गुण १८ गते केन्द्रिय तहको उच्च स्तरिय समितिको गठन भएको हो । रक्षा मन्त्रालय, गृह मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मूख्य नेतृत्वमा परराष्ट्र मन्त्रालय, वाणिज्य आपुर्ती मन्त्रालय, सस्कृती पर्यटन तथा नागरिक उड्डय मन्त्रालय, अर्थ मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, शिक्षा मन्त्रालय आदीका मन्त्रीज्युहरु सदस्य रहनु भएको उच्च स्तरिय समितिको गठन गरि संक्रामक रोग रोकथाम तथा नियन्त्रण ऐन, २०२० को अधिनमा रही कोभिड रोग उपचार, पुर्नस्थापन, उद्धार, रोकथाम गर्नका लागि विभिन्न विभिन्न रणनैतिक निर्णयहरु नियमित रुपमा भइरहेको छ ।

### २. Incident Command Control System (ICCS) को बैठकः

यो कोभिड- १९ विरुद्ध सशक्त ढंगले काम गर्नका लागि मिति २०७६ चैत्र मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव ज्युको संयोकत्वमा मन्त्रालयका विशेषज्ञहरु र सहसचिवहरु सम्मिलित गठन भएको उच्चस्तरिय समिति हो । समितिको बैठक सूरुका महिनामा दैनिकजसो र पछि हरेक हप्ताको दुई पटक आइतवार र बुधवार विहान ९:०० बजें बस्ने गरेको देखिन्छ । यस अवधिमा जम्मा ३९ पटक औपचारिक बैठक बसेको देखिन्छ । बैठकमा विशेष गरि कोभिड १९ निदान, रोकथाम, नियन्त्रण र उपचार व्यवस्थापनका लागि महत्वपूर्ण सैद्धान्तिक एवम् नीतिगत विषयहरुको सिफारिस गर्ने, , निर्देशन दिने, सल्लाह सुझावहरु लिने / दिने जस्ता निर्णयहरु भएका छन् ।